## मिति २०७६ साल असार २१ गतेका दिन भएको ६१ औं कार्यपालीका बैठकका निर्णयहरु

**निर्णय नं.१:** वीरेन्द्रनगर नगरपालिकाको हालै सम्पन्न पाँचौ नगरसभाको विषयमा सबै सदस्य तथा पदाधिकारीहरुले आ-आफ्ना धारणा सहितका विचार समीक्षाको रुपमा राख्नुभयो । समीक्षाको क्रममा उठेका सभाका राम्रा पक्षहरुलाई निरन्तरता दिने र सभा संचालनका क्रममा भएका सुधारोन्मुख पक्षहरुलाई आगामी नगरसभाहरुमा सुधार गर्दै लगिने ।

**निर्णय नं.२:** नगरपालिका क्षेत्रभित्रका जग्गाहरुको कित्ताकाट गर्ने सम्बन्धमा यस कार्यपालिकाको मिति २०७५।१०।१८ को ४६ औं बैठकबाट कित्ताकाट रोक्का गरिएकोमा मिति २०७६।०३।२३ गते देखी लागु हुने गरी भूमि व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालयको २०७५।०९।२७ मा जारी निर्देशन बमोजिम वर्षमा एकपटक मात्र कित्ता काट्न पाईने गरी कित्ताकाट खोल्ने र सो सम्बन्धमा देहाय बमोजिम प्रावधान अनिवार्य गर्ने :

क) साविकमा वस्ती विकास भई ८ मिटर नपुगेका पुराना बाटाहरुको हकमा नाला सहित न्युनतम ८ मिटर कायम गर्ने र यसपछि बस्ती विकास हुने क्षेत्रहरुमा नाला सहित न्युनतम १० मिटर बाटो कायम गरी लगत कट्टा गरेर मात्र कित्ता काट गर्ने ।

ख) अंशवण्डाको हकमा निर्देशन बमोजिम एक पटक मात्र अंसियारहरुको बीचमा कित्ताकाट गर्ने ।

**निर्णय नं.३:** प्रधानमन्त्री रोजगार कार्यक्रमको सर्शत तर्फ चालु आर्थिक वर्ष ०७५।७६ मा रु.१ करोड बजेट प्राप्त भएकोमा सम्बन्धीत निर्देशिका बमोजिम बेरोजगार छानबिन भई कार्य प्रारम्भ भएकोमा बजेट ढिलो गरि प्राप्त भएकोले अन्तिम समयमा सबै लाभग्राहीको बैक खाता खोली रकम भुक्तानी गर्न समयाभावले कठिनाई भएकोमा एकमुष्ठ रुपमा नगरपालिकाको खातामा बजेट निकासा गरिदिनका लागि कोष तथा लेखा नियन्त्रक कार्यालय सुर्खेत सँग अनुरोध गर्ने ।

**निर्णय नं.४:** प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत प्राप्त निर्देशिका बमोजिम यस न.पा. भित्र वडा बाट प्राप्त बेरोजगारको सूची छानबिन गर्दा तपसिल बमोजिम जम्मा संख्या ६०९४ एकिन गरियो ।

निम्न :

| वडा नं. | संख्या (जना) | वडा नं. | संख्या (जना) | वडा नं. | संख्या (जना) | वडा नं. | संख्या (जना) |
|---|---|---|---|---|---|---|---|
| १ | ४२० | ५ | ५८९ | ९ | ८६९ | १३ | ३०८ |
| २ | ५०० | ६ | ५८ | १० | ७४७ | १४ | ११९ |
| ३ | ३५६ | ७ | १५५ | ११ | ५६५ | १५ | ७९ |
| ४ | ५२५ | ८ | ५९ | १२ | ५७७ | १६ | १६८ |

**निर्णय नं.५ :** मिति २०७६।०१।२९ गतेको बैठकमा टेबल गरिएको यस नगरपालिकाको तालिम व्यवस्थापन तथा संचालन कार्यविधि,२०७६ लाई बैठकमा प्राप्त राय सुझाव समेत समेटी आवश्यक संशोधन सहित स्वीकृत गरियो ।

**वीरेन्द्रनगर कार्यपालिकाको**
**बैठक संख्या** ६१ **मिति** २०७६।०३।२१
**को निर्णय प्रमाणित।**

Scanned by CamScanner

**निर्णय नं.६ :** सार्वजनिक सेवा तथा क्षमता विकास समितिबाट पेश भएको कर्मचारी प्रोत्साहन कार्यविधि,२०७६ लाई बैठकमा प्राप्त राय सुझाव समेत समेटी आवश्यक संशोधन सहित स्वीकृत गरियो ।

**निर्णय नं.७ :** चालु आर्थिक वर्षमा यस नगरपालिकाको कामको चापले कार्यालय समयका अतिरिक्त बिहान साँझ कार्यालयले कामकाजमा खटाईएका पुर्वाधार शहरी विकास शाखाका प्राविधिक कर्मचारीहरु योजना,प्रशासन र आर्थिक प्रशासन शाखामा कार्यरत कर्मचारीहरुलाई निजहरुको कार्यबोझ,पदिय दायीत्व अनुसार नगरपालिकाको आन्तरिक स्रोत (कन्टिजेन्सी) बाट खर्च लेख्ने गरि चालु आर्थिक वर्षको रुजु हाजिरी भिडाई प्रशासन शाखा,प्राविधिक कर्मचारी र आर्थिक प्रशासन शाखाका कर्मचारी समेतको सिफारिसमा अधिकतम छ महिनाको प्रोत्साहन भत्ता उपलब्ध गराउने ।

**निर्णय नं.८ :** यस नगरपालिकाको पाँचौ नगरसभा संचालनमा विशेष कार्यमा खटिएका कर्मचारीहरुलाई कार्यालयले निम्नानुसार वर्गिकरण गरि प्रतिदिन न्युनतम ५ घण्टा काम गरेको दरमा अतिरिक्त भत्ता उपलब्ध गराउने ।

निम्न :

क) १ दिन : सभा संचालनको दिन मात्र सभा संचालनको कार्यमा खटिएका कर्मचारी,सुरक्षाकर्मी तथा पत्रकारहरु समेत ।

ख) ७ दिन : सभा संचालनमा विषयगत समिति मार्फत खटिएका तथा वाड भेलामा संलग्न कर्मचारी ।

ग) १५ दिन : विषयगत नीति,योजना तथा कार्यकम निर्माणमा संलग्न कर्मचारी ।

घ) २४ दिन : सभा तयारीका सबै चरण बजेट,नीति,कार्यकम तर्जुमा,सम्पादन,पुस्तक प्रकाशन सम्मका सम्पुर्ण कार्यमा संम्लग्न कर्मचारी ।

**निर्णय नं.९ :** यस नगरपालिकामा सेवा करारमा कामकाजमा खटाईएका तथा मासिक रुपमा पारिश्रमिक / ज्याला पाउने गरि कामकाज गरिरहेका सबै खाले कर्मचारीहरुलाई श्रम ऐन अनुसार श्रमिकले पाउने न्युनतम ज्याला / पारिश्रमिक २०७६ श्रावण महिना देखी उपलब्ध गराउने । साथै यस अघि करार सेवामा काम काज गरिरहेका कर्मचारीहरुको चालु आर्थिक वर्ष २०७५।०७६ मा म्याद समाप्त भएको हुने हुँदा निजहरुको सेवा सुविधा यस निर्णय बमोजिमको रकममा नबढ्ने गरि सम्बन्धित वडा कार्यालय वा शाखा प्रमुखको सिफारिसमा २०७७ असार मसान्त सम्मको लागि म्याद थप गर्ने ।

**निर्णय नं.१० :** मिति २०७६।०२।२३ गते आएको हावाहुरीले वार्ड नं.२ को श्री सरस्वती नि.मा.वि रागसपाइला विद्यालय भवनको ट्रस उडाई सो विद्यालय भवनमा पठनपाठनको कार्यमा बाधा परेको हुँदा चालु आर्थिक वर्षमा विपद् व्यवस्थापन शिर्षकबाट रु.८४,२८८।– बराबरको राहत रकम उपलब्ध गराउने ।

**निर्णय नं.११ :** कार्यपालिकाको मिति २०७५।१०।१८ को निर्णयानुसार नगर क्षेत्रका विभिन्न क्षेत्रमा नक्सा पास कार्य रोक लगाइएकोमा २०७६ श्रावण १ गते देखि भवन तथा बस्ती विकास मापदण्ड अनुसार पर्ने जग्गामा निर्माण हुने घरको नक्सापास स्वीकृती दिने । ले आउटको कममा वडाको प्रतिनिधी र सम्बन्धीत कन्सल्टेन्ट प्राविधिक अनिवार्य उपस्थित हुनुपर्ने व्यवस्था गर्ने ।

वीरेन्द्रनगर कार्यपालिकाको
बैठक संख्या ६१ मिति २०७६।०३।२९
को निर्णय प्रमाणित।

Scanned by CamScanner

## मिति २०७६ साल असार ०३ गतेका दिन भएको ५७ औं कार्यपालीका बैठकका निर्णयहरु

**निर्णय नं.१** यस नगरपालिकाको राजश्व परामर्श समितिबाट पेश भएको आगामी आर्थिक वर्ष २०७६।०७७ का लागि प्रस्तावित राजस्वका दर र आन्तरिक आयको प्रस्तावित आय अनुमान पारित गर्दै स्वीकृतीका लागि आगामी नगरसभामा पेश गर्ने ।

वीरेन्द्रनगर कार्यपालिकाको
बैठक संख्या ५७ मिति २०७६/०३/०३
को निर्णय प्रमाणित।

**मिति २०७६ साल असार ०४ गतेका दिन भएको ५८ औं कार्यपालीका बैठकका निर्णयहरु**

**निर्णय नं.१** यस नगरपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट पेश आन्तरिक आय,राजस्व बांडफांड बाट प्राप्त हुने आय,नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने आय सहितको आगामी आर्थिक वर्ष २०७६।०७७ को प्रस्तावित व्यय अनुमानलाई पारित गर्दै आगामी नगरसभामा स्वीकृतीका लागि पेश गर्ने ।

वीरेन्द्रनगर कार्यपालिकाको
बैठक संख्या ५८ मिति २०७६।०३।०४
को निर्णय प्रमाणित।

Scanned by CamScanner

## मिति २०७६ साल असार ०५ गतेका दिन भएको ५९ औं कार्यपालीका बैठकका निर्णयहरु

**निर्णय नं.१** यस नगरपालीकाको वडा नं.१,चनाबारी स्थित शहरी स्वास्थ्य केन्द्र भवन निर्माण गर्ने कार्यका लागि मिति मिति २०७४।०३।०४ मा चन्द्रा थानीको अध्यक्षतामा गठित उपभोक्ता समितिसँग सम्झौता गरि कार्य थालनी गरिएकोमा उक्त समितिले पेश्की स्वरुप लगेको रु.४ लाख सहित योजना लक्ष्मी खड्का अध्यक्ष रहेको अर्को उपभोक्ता समितिलाई हस्तान्तरण गरी वडा कार्यालयको सिफारिसमा मिति २०७५।०२।२७ मा सम्झौता गरिएको र निर्माण कार्य सक्नु अपरिहार्य भएकोले निर्माण अघि बढाउँदा नगर दररेट वृद्धि भएको,भवन निर्माण जस्तो जटिल कार्यमा जनश्रमदान गर्न नसकिएको हुँदा निम्नानुसार हुने गरी न.पा.को चालु आर्थिक वर्षको आन्तरीक आय तर्फको बजेटबाट रकम भुक्तानी गर्न नगरकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने : -

क) अन्तिम बिल मुंल्याकन गर्दा इस्टिमेटमा जुनसुकै दर भएता पनि आर्थिक वर्ष २०७५।०७६ को दररेटले हिसाब गर्ने ।

ख) उपभोक्ता श्रमदान तथा सहभागीता वाफतको नियमानुसार इस्टिमेट गरिएको सम्पुर्ण रकम नगरपालिकाले व्यहोर्ने गरी मूंल्याकन गर्ने । यसो गर्दा यस अधिका भुक्तानीमा घटाइएको जनश्रमदान समेत अन्तिम बिलमा जोडी हिसाब मिलान गरी योजना फरफारक गर्ने ।

ग) माथी प्रकरण (क) र (ख) बमोजिम मूंल्याकन गरी भुक्तानी गरीसकेपछि स्वास्थ्य केन्द्रलाई आवश्यक हुने २ लाख १५ हजार रुपैया निर्शत अनुदानको रुपमा दिई स्वास्थ्य केन्द्र संचालन प्रकिया अघि बढाउने ।

**निर्णय नं.२** आगामी आर्थिक वर्ष २०७६।०७७ को लागी वडा तहमा पुँजिगत तर्फको योजना छनौटका लागी प्रति वडा एक करोड पचास लाख रुपैयाका दरले जम्मा चौबिस करोड रुपैयाको बजेट सिलिङ्ग निर्धारण गरी बाकी रकम सत्र करोड त्रिचालिस लाख ब्राह हजार रुपैयाको सर्न्दभमा बजेट तथा कार्यकम तर्जुमा समितिले अन्य शिर्षकहरुमा विनियोजन गरि आगामी बैठकमा पेश गर्ने ।

**निर्णय नं.३** यस नगरपालीकाका वडा तथा शाखाहरुबाट योजना तथा कार्यकम प्रस्ताव गर्दा आगामी आर्थिक वर्ष २०७६।७७ को बजेट योजना तथा कार्यकम तय गर्न अवलम्बन गर्नुपर्ने आठ बुँदे मार्गदर्शन स्वीकृत गर्ने ।

**निर्णय नं.४** आगामी आर्थिक वर्ष २०७६।०७७ को लागी विभिन्न क्षेत्रगत नीति माथि आजको बैठकमा छलफल गरियो । उक्त नीतिमा प्राप्त सुझावहरुलाई समेटी अन्तिम रुप दिन बजेट तथा कार्यकम तर्जुमा समितिलाई निर्देशन दिने ।

**निर्णय नं.५** वीरेन्द्रनगर बजार व्यवस्थापन,अनुगमन तथा उपभोक्ता हित संरक्षण सम्बन्धी विधेयक,२०७६ को मस्यौदा यस नगरपालीकाको विधेयक समितीलाई प्रस्ताव गर्न स्वीकृति दिने ।

**निर्णय नं.६** यस नगरपालीका कार्यालयमा हाल कार्यरत उपसचिव स्तरका कर्मचारीलाई नगरपालिकाबाट विनियोजित बजेट बाट घरभाडा खर्च लेख्ने गरि एक फल्याट आवास सुविधा उपलब्ध गराउन आवश्यक व्यवस्था गर्न कार्यालयलाई निर्देशन दिने । साथै अब उपरान्त हाजिर हुन आउने उपसचिव वा नवौं/दशौं तहका कर्मचारीको हकमा समेत यसै बमोजिमको सुविधा उपलब्ध गराउने ।

**वीरेन्द्रनगर कार्यपालिकाको**
**बैठक संख्या** ५९ **मिति.** २०७६।०३।०५
**को निर्णय प्रमाणित।**

Scanned by CamScanner

**मिति २०७६ साल असार ०९ गतेका दिन भएको ६० औं कार्यपालीका बैठकका निर्णयहरु**

**निर्णय नं.१**

वीरेन्द्रनगर नगरपालिकाको आ.व २०७६।७७ का लागि प्रस्तावित नीति, योजना, कार्यक्रम तथा बजेट स्वीकृतीका लागि आगामी नगरसभा समक्ष पेश गर्ने ।

**निर्णय नं.२**

मिति २०७६ साल आषाढ १० गते हुन गइरहेको यस नगरपालिकाको पाँचौ नगरसभामा निम्न विधेयकहरु स्वीकृतीका लागि प्रस्तावको रुपमा पेश गर्ने ।

**निम्नः**

१.आर्थिक विधेयक,२०७६

२.विनियोजन विधेयक,२०७६

३. वीरेन्द्रनगर बजार व्यवस्थापन अनुगमन तथा उपभोक्ता हित संरक्षण सम्बन्धी विधेयक,२०७६

**निर्णय नं.३**

चालु आ.व. ०७५।०७६ को विनियोजन गरिएको चालु, पुँजिगत तथा आन्तरिक आय तर्फको खर्च तथा कार्यालय द्वारा बजेट निर्माणका कममा पेश भएको संशोधित अनुमान र आगामी आ.व.०७६।७७ को आय व्ययको समग्र प्रक्षेपण स्वीकृत गरि नगरसभा समक्ष पेश गर्ने ।

**निर्णय नं.४**

कमिटेट नेपाल सँगको सहकार्यमा वि.सं.२०७५ चैत्र महिनामा तयार पारेको नगरपालिकाको पार्श्वचित्र ( profile) लाई स्वीकृती प्रदान गरी प्रयोगमा ल्याउँदै सो पार्श्वचित्रलाई आवश्यक अध्यावधिक समेत गर्ने ।

वीरेन्द्रनगर कार्यपालिकाको
बैठक संख्या ६० मिति २०७६।०३।०९
को निर्णय प्रमाणित।

Scanned by CamScanner